## अनेरास्ववियू (क्रान्तिकारी) २३ औं राष्ट्रिय सम्मेलनको सन्दर्भमा दोस्रो चरणको निर्वाचन सम्बन्धी

## सूचना नं. ३

जारी मिति २०८१।१०।०६ गते (आइतबार)

## अनेरास्ववियू (क्रान्तिकारी)

## केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य र आयोगका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन उम्मेदवारी सम्बन्धी निर्देशिका २०८१

अनेरास्ववियू (क्रान्तिकारी) को यही २०८१ माघ १२ गते शनिबारको दिन हुन गइरहेको केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य र आयोगका पदाधिकारी तथा सदस्यहरुको निर्वाचनका सन्दर्भमा अनेरास्ववियू (क्रान्तिकारी) केन्द्रीय कार्यालयबाट उपलब्ध गराइएको बिधानले तोकिए बमोजिमका पदहरूको निर्वाचन सम्पन्न गर्न निम्न बमोजिमको प्रारम्भिक निर्देशिका निर्धारण गरि सम्बद्ध सबैको जानकारीका लागि सूचित गरिन्छ।

१. उम्मेदवारी मनोनयन वेबपेज www.election.akhilr.org मार्फत हुनेछ )
२. अन्तिम नामावली अनेरास्ववियू (क्रान्तिकारी) को आधिकारिक Facebook page तथा webpage www.akhilr.org बाट सूचित गरिने छ )
३. प्रत्येक प्रदेशमा तोकिएको स्थानमा १ मतदान केन्द्र रहनेछन्।
४. ३२ बर्ष उमेर हदका लागि वि.स. २०४९ माघ ७ गते (तदअनुसार २० जनवरी १९९३) वा त्यसपछि जन्ममिति भएका प्रतिनिधिहरु ले मात्र मनोनयन दर्ता गर्न सक्नेछन्।
५. उम्मेद्वारी मनोनयन दर्ता गर्दा नागरिकता प्रमाणपत्र, राहदानी, सवारी चालक अनुमति पत्र,मतदाता परिचय पत्र, राष्ट्रिय परिचयपत्र मध्ये कुनै १ परिचय पत्र अनिवार्य अपलोड गर्नुपर्नेछ। मतदानमा आउँदा सोही परिचयपत्र अनिवार्य साथमा ल्याउनु पर्नेछ।
६. आफ्नो पासपोर्ट साइजको फोटो उम्मरद्वारको आवेदन पत्रमा अपलोड गर्नुपर्नेछ।
७. बिधानमा उल्लेखित समावेशी समूहमा पूर्व उल्लेखित बाहेक छात्रा,दलित,जनजाती, मधेशी, अपाङ्गता र मुस्लिम समुदायलाई बुझिनेछ।
८. एक व्यक्ति एक पदको मान्यता अनुरुप तल्लो समितिको निर्वाचनमा उम्मेदवार भइ निर्वाचित वा पराजित उम्मेदवारले केन्द्रीय समिति वा आयोगको निर्वाचनमा उम्मेद्वारको रूपमा सहभागी हुन पाउने छैन।
९. तल्लो समितिमा निर्वाचित कुनैपनि सदस्यले सो पदबाट राजिनामा दिइ केन्द्रीय समितिमा उम्मेदवारी दिन पाउने छैनन्।

१०. अन्तिम मतदाता नामावलीमा नामको हिज्जे नमिलेको वा टेक नाम मात्र रहेका प्रतिनिधिहरु ले उम्मेदवारी दिंदा नाम सच्याइ आफ्नो आधिकारिक शुद्ध नाममा उम्मेदवारी दर्ता गर्न सक्नेछ ।

११. सम्मेलनको प्रतिनिधि नभएको व्यक्तिले कुनै पनि तहमा उम्मेदवारी दिन वा मतदान गर्न पाउने छैनन् ।

१२. राष्ट्रिय सम्मेलन आयोजक समितिको सचिवालय नबनेको हालको अवस्थाका लागि २३ औं राष्ट्रिय सम्मेलन आयोजक समितिका पदाधिकारीहरुलाइ नै केन्द्रीय समिति पदाधिकारीको उम्मेदवारका लागि योग्य हुनेछन् ।

१३. अध्यक्ष पदको हकमा आयोजक समितिका पदाधिकारीले मात्र र केन्द्रीय समितिका अन्य पदाधिकारी तथा आयोगका पदाधिकारीको हकमा आयोजक समिति सदस्य सबैले उम्मेद्वारी दर्ता गर्न पाउनेछन् ।

१४. केन्द्रीय सदस्य र आयोग सदस्यहरूको हकमा सम्बन्धित प्रदेशबाट निर्वाचित हुने भएकाले २३ औं राष्ट्रिय सम्मेलनमा सम्बन्धित प्रदेशका तर्फबाट प्रतिनिधित्व गर्ने २३ औं राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरुले मात्र उम्मेदवारी दर्ता गर्न पाउनेछन् ।

१५. प्रत्येक उम्मेदवारको मनोनयनका लागि अलग अलग एक जना प्रस्तावक र एक जना समर्थक प्रतिनिधि अनिवार्य चाहिनेछ ।

१६. प्रदेश तहबाट निर्वाचित हुने उम्मेदवारको प्रस्ताव वा समर्थन गर्दा सम्बन्धित प्रदेशको निर्वाचनको मतदाता सूचीमा नाम भएका र देशैभरका सबै प्रतिनिधिबाट निर्वाचित हुने उम्मेदवारको हकमा प्रस्ताव वा समर्थन गर्दा कुनै पनि प्रतिनिधिले उम्मेदवारीको प्रस्ताव वा समर्थन गर्न सक्नेछ ।

१७. उम्मेदवार उपर कुनै दावि विरोध तथा उम्मेदवारको नाम फिर्ता लिन परेमा समेत अनलाइनबाट नै गरिनेछ ।

१८. उम्मेदवारी मनोनयनका क्रममा अनलाइनमा दर्ता भएका फोन नम्बरमा OTP मार्फत Verification गरिनेछ ।

१९. मनोनयन गर्दा एकल उम्मेदवारी दर्ता गर्नु पर्नेछ ।

२०. उम्मेदवारी मनोनयन शुल्क तपशिल बमोजिम रहनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | – | रु १०,०००।- |
| उपाध्यक्ष ,आयोग अध्यक्ष, महासचिव | – | रु ७,०००।- |
| उपमहासचिव , आयोग उपाध्यक्ष | – | रु ६,०००।- |
| सचिव, आयोग सचिव,कोषाध्यक्ष | – | रु ४,०००।- |
| केन्द्रीय सचिवालय सदस्य | – | रु ३,०००।- |
| केन्द्रीय सदस्य, आयोग सदस्य | – | रु २,०००।– |

२१. उम्मेदवारी फिर्ता लिंदा बुझाएको मनोनयन शुल्क फिर्ता गरिने छैन।

२२. दाबी विरोधका क्रममा उम्मेदवार उपर उजुरी गर्दा कुन उम्मेदवार उपर उजुरी दर्ता गर्ने हो, सो माथि कारण र प्रमाण खुलाई उजुरी शुल्क ५०।– सहित अनलाइनबाट नै उजुरी दर्ता गर्नु पर्ने छ।

२३. उम्मेदवारी मनोनयन शुल्क समेत अनलाइनबाट नै बुझाउनु पर्नेछ।

२४. शुल्क बुझाउदा बिभिन्न डिजिटल वालेटहरु, कनेक्ट आईपिएस, मोवाईल बैकिङ वा कार्ड मार्फत तिर्न सकिनेछ।

२५. केन्द्रीय समितिको ढाँचा निम्नानुसार रहनेछ

| | | |
|---|---|---|
| पदाधिकारीहरु | – | ३३ जना, |
| केन्द्रीय सचिवालय सदस्य | – | ४८ जना, |
| केन्द्रीय सदस्यहरु | – | १६२ जना, |
| **जम्मा** | **–** | **२४३ जना** |

२६. केन्द्रीय समितिको पदाधिकारीहरुको संख्या प्रतिनिधित्व,मतदाता र योग्यता निम्नानुसार रहनेछ।

| पद | संख्या | प्रतिनिधित्व | मतदाता | उम्मेदवारको योग्यता |
|---|---|---|---|---|
| अध्यक्ष | १ | खुल्ला | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समितिको पदाधिकारी भईसकेको |
| उपाध्यक्ष | ९ | खुल्ला : ४ समावेशी : ५ (छात्रा: १, जनजाती: १, दलित: १, मधेशी: १, खस आर्य: १) (समावेशीको हकमा प्रमाण पेश गर्नुपर्ने) | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| महासचिव | १ | खुल्ला | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| उपमहासचिव | ९ | प्रत्येक प्रदेश बाट १/१ जना | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको र सम्बन्धित प्रदेशको प्रतिनिधि भएको |
| सचिव | १२ | खुल्ला : ४ समावेशी : ८ (छात्रा: २, जनजाती: १, दलित: १, मधेशी: १, खस आर्य: १, मुस्लिम: १, शहीद सन्तती: १ | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| कोषाध्यक्ष | १ | खुल्ला | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| **जम्मा** | | **३३** | | |

२७. केन्द्रीय समिति सचिवालय सदस्यहरुको संख्या प्रतिनिधित्व,मतदाता र योग्यता निम्नानुसार रहनेछ।

| प्रदेश | संख्या | प्रतिनिधित्व | मतदाता | उम्मेदवारको योग्यता |
|---|---|---|---|---|
| प्रदेश नं १ | ६ | खुल्ला : ३<br>छात्रा : २<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | २३ औं राष्ट्रिय सम्मेलनका लागि सम्बन्धित प्रदेशबाट प्रतिनिधि |
| मधेश प्रदेश | ५ | खुल्ला : ३<br>छात्रा : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु |
| बागमती प्रदेश | ५ | खुल्ला : ३<br>छात्रा : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु |
| गण्डकी प्रदेश | ५ | खुल्ला : ३<br>छात्रा : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु |
| लुम्बिनी प्रदेश | ६ | खुल्ला : ३<br>छात्रा : २<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु |
| कर्णाली प्रदेश | ५ | खुल्ला : ३<br>छात्रा : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु |
| सुदूर पश्चिम प्रदेश | ५ | खुल्ला : ३<br>छात्रा : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु |
| उपत्यका विशेष प्रदेश | ६ | खुल्ला : ३<br>छात्रा : २<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु |
| विश्वविद्यालय प्रदेश | ५ | खुल्ला : ३<br>छात्रा : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु |
| **जम्मा** | **४८ जना** | | | |

२८. २८. केन्द्रीय समिति सदस्यहरुको संख्या प्रतिनिधित्व ,मतदाता र योग्यता निम्नानुसार रहनेछ ।

| प्रदेश | संख्या | प्रतिनिधित्व | | मतदाता | उम्मेदवार |
|---|---|---|---|---|---|
| प्रदेश नं १ | २३ | खुल्ला : १४<br>छात्रा : ४<br>बिराटनगर महानगर : १ | समावेशी तर्फ<br>मधेशी : १<br>मुस्लिम : १<br>दलित : १ थारु : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | २३ औं राष्ट्रिय सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि, खुल्ला तर्फ प्रत्येक जिल्लाबाट १ जना |
| मधेश प्रदेश | १७ | खुल्ला : ८<br>राजर्शी जनक विवि:१<br>बिरगञ्ज महानगर : १<br>छात्रा : ३ | समावेशी तर्फ<br>मुस्लिम : १<br>दलित: १<br>खस आर्य : १<br>जनजाती : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | २३ औं राष्ट्रिय सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि खुल्ला तर्फ प्रत्येक जिल्लाबाट १ जना |
| बागमती प्रदेश | १८ | खुल्ला : १०<br>छात्रा : ३<br>भरतपुर महानगरः १ | समावेशी तर्फ<br>मुस्लिम : १ ,<br>दलित : १<br>खस आर्य : १<br>जनजाती : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | २३ औं राष्ट्रिय सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि खुल्ला तर्फ प्रत्येक जिल्लाबाट १ जना |
| गण्डकी प्रदेश | १९ | खुल्ला : ११<br>छात्रा : ४<br>पोखरा महानगर : १ | समावेशी तर्फ<br>मुस्लिम : १,दलित : १<br>जनजाती : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | २३ औं राष्ट्रिय सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि खुल्ला तर्फ प्रत्येक जिल्लाबाट १ जना |
| लुम्बिनी प्रदेश | २२ | खुल्ला : १२<br>छात्रा : ४ | समावेशी तर्फ<br>मधेशी : १<br>दलित : १<br>मुस्लिम : १<br>जनजाती : १<br>थारु : १,<br>खस आर्य : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | २३ औं राष्ट्रिय सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि खुल्ला तर्फ प्रत्येक जिल्लाबाट १ जना |
| कर्णाली प्रदेश | १६ | खुल्ला : १०<br>छात्रा : ३<br>मध्य पश्चिम वि.वि : १ | समावेशी तर्फ<br>दलित : १<br>पिछडीएको क्षेत्र: १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | २३ औं राष्ट्रिय सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि खुल्ला तर्फ प्रत्येक जिल्लाबाट १ जना |

| | | | | | |
|---|---|---|---|---|---|
| सुदूर पश्चिम प्रदेश | १६ | खुल्ला : ९<br>छात्रा : ३<br>सुप विवि : १ | समावेशी तर्फ<br>दलित : १, थारु : १<br>पिछडीएको क्षेत्र: १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | २३ औं राष्ट्रिय सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि खुल्ला तर्फ प्रत्येक जिल्लाबाट १ जना |
| उपत्यका विशेष प्रदेश | १६ | खुल्ला : ६<br>(काठमाडौं, भक्तपुर, ललितपुर, त्रिविवि, क्याम्पस, प्राविधिक)<br>काठमाडौ महानगर:१<br>ललितपुर महानगर:१<br>छात्रा : ३ | समावेशी तर्फ<br>मधेशी : १<br>मुस्लिम : १<br>दलित : १<br>जनजाती : १<br>अपांग : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | २३ औं राष्ट्रिय सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि खुल्ला तर्फ प्रत्येक जिल्लाबाट १ जना |
| विश्वविद्यालय तथा CTEVT प्रदेश | १५ | खुल्ला : ९<br>(CTEVT उपत्यका , पोखरा बि.बि उपत्यका जिल्ला, पोखरा बि.बि कास्की जिल्ला, पुर्वाञ्चल पूर्वी जिल्ला, पुर्वाञ्चल उपत्यका जिल्ला, ने.सं.वि.वि, काठमाडौ वि.वि, कृषि बन, विदेशी विश्वविद्यालय)<br>छात्रा : ३ | समावेशी तर्फ<br>मुस्लिम : १<br>दलित : १<br>अपाङ्गता : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | २३ औं राष्ट्रिय सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि खुल्ला तर्फ प्रत्येक जिल्लाबाट १ जना |
| **जम्मा** | | **१६२ जना** | | | |

२९. केन्द्रीय आयोगका पदाधिकारीहरुको संख्या प्रतिनिधित्व, मतदाता र योग्यता निम्नानुसार रहनेछ।

| आयोग | पद | संख्या | प्रतिनिधित्व | मतदाता | उम्मेदवार |
|---|---|---|---|---|---|
| अनुशासन आयोग | अध्यक्ष | १ | खुल्ला | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| | उपाध्यक्ष | ३ | खुल्ला : १<br>समावेशी : १<br>छात्रा: १ | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| | सचिव | १ | खुल्ला | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| | | | | | |
| निर्वाचन आयोग | अध्यक्ष | १ | खुल्ला | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| | उपाध्यक्ष | ३ | खुल्ला : १<br>समावेशी : १<br>छात्रा: १ | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| | सचिव | १ | खुल्ला | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| | | | | | |
| लेखा आयोग | अध्यक्ष | १ | खुल्ला | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| | उपाध्यक्ष | ३ | खुल्ला : १<br>समावेशी : १<br>छात्रा: १ | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| | सचिव | १ | खुल्ला | सम्मेलन प्रतिनिधि सबै | २३ औं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य रहेको |
| **जम्मा** | | **१५ जना** | | | |

३०. आयोगका अध्यक्षको मर्यादा केन्द्रीय उपाध्यक्ष सरह, उपाध्यक्षको उपमहासचिव सरह, सचिवको सचिव सरह र सदस्यहरुको सदस्य सरह रहनेछ ।

३१. आयोग सदस्यहरु संख्या प्रतिनिधित्व,मतदाता र योग्यता निम्नानुसार रहनेछ ।

| प्रदेश | संख्या | अनुशासन आयोग | निर्वाचन आयोग | लेखा आयोग | मतदाता | उम्मेदवार |
|---|---|---|---|---|---|---|
| प्रदेश नं १ | ६ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि |
| मधेश प्रदेश | ६ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि |
| बागमती प्रदेश | ६ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि |
| गण्डकी प्रदेश | ६ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि |
| लुम्बिनी प्रदेश | ६ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि |
| कर्णाली प्रदेश | ६ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि |
| सुदूर पश्चिम प्रदेश | ६ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि |
| काठमाडौं उपत्यका विशेष प्रदेश | ६ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि |
| विश्वविद्यालय तथा CTEVT प्रदेश | ६ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | जम्मा २<br>खुल्ला : १<br>समावेशी : १ | सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय सम्मेलनका प्रतिनिधिहरु | सम्मेलनका लागि सम्बन्धित प्रदेशको प्रतिनिधि |
| **जम्मा** | | | **५४ जना** | | | |

३२. प्रदेश समिति र जिल्ला समितिहरु तपशिल बमोजिम रहनेछन् । र सोहि बमोजिम उम्मेदवारी मनोनयन र मतदान गर्नुपर्नेछ ।

| प्रदेश | भूगोल जिल्लाहरु | थप समेटिने क्षेत्र |
|---|---|---|
| प्रदेश नं १ | १४ जिल्लाहरू | बिराटनगर महानगर समिति<br>मनमोहन प्राविधिक विवि समिति |
| मधेश प्रदेश | ८ जिल्लाहरू | राजर्शी जनक विवि समिति<br>मधेश कृषि विवि समिति<br>बिरगञ्ज महानगर समिति |
| बागमती प्रदेश | १० जिल्लाहरू<br>काठमाडौं, भक्तपुर, ललितपुर बाहेक | भरतपुर महानगर समिति<br>मदन भण्डारी वि प्र विवि समिति |
| गण्डकी प्रदेश | ११ जिल्लाहरू | पोखरा महानगर समिति<br>गण्डकी विवि समिति |
| लुम्बिनी प्रदेश | १२ जिल्लाहरू | लुम्बिनी बौद्ध विवि समिति<br>लुम्बिनी प्राविधिक विवि समिति |
| कर्णाली प्रदेश | १० जिल्लाहरू | मध्यपश्चिम विवि समिति |
| सुदूर पश्चिम प्रदेश | ९ जिल्लाहरू | सुदूरपश्चिम विवि समिति |
| काठमाडौं उपत्यका विशेष प्रदेश | ६ जिल्लाहरू<br>काठमाडौं, भक्तपुर, ललितपुर,<br>त्रिविवि जिल्ला, क्याम्पस जिल्ला,<br>प्राविधिक जिल्ला | काठमाडौं महानगर समिति,<br>ललितपुर महानगर समिति |
| विश्वविद्यालय तथा सिटिइभिटी प्रदेश | ९ जिल्लाहरू<br>सिटिइभिटी समिति,पोखरा विवि उपत्यका समिति,पोखरा विवि पश्चिम समिति, पुर्वाञ्चल उपत्यका समिति,<br>पुर्वाञ्चल पूर्व समिति, नेपाल संस्कृत विवि समिति,काठमाडौं विवि समिति,कृषि तथा बन विवि समिति, विदेशी विश्वविद्यालय समिति | विदेशी विश्वविद्यालय अन्तरगत नेपाल खुल्ला विवि समिति र विदेशी विवि समिति |
| **जम्मा** | **प्रदेशहरू ९** | **जिल्लाहरू ८९** |

३३. जिल्ला वा महानगर तर्फबाट उम्मेद्वारी दिने व्यक्ति सम्बन्धित जिल्ला वा महानगरकै प्रतिनिधि हुनुपर्नेछ ।

३४. उम्मेदवारले उम्मेदवारी दर्ता स्वयमले गर्नु पर्नेछ । आफ्ना प्रतिनिधि वा वारेस मार्फत उम्मेदवारी दर्ताको प्रकृया हुनेछैन ।

३५. OTP प्राप्त नभएमा तुरन्त उल्लेखित Whatsapp Number (9761027646) मा म्यासेज गर्नुपर्नेछ।

३६. उम्मेदवारी दर्ता प्रकृया बारे भिडियो ट्युटोरियल बनाई वेबपेज www.election.akhilr.org मा अपलोड गरिनेछ।

३७. पहिलो चरणको निर्वाचनमा प्रकाशित अन्तिम मतदाता नामावली नै यस दोश्रो चरणको निर्वाचनका लागि अन्तिम मतदाता नामावली कायम गरिएको छ।

३८. उम्मेद्वारी मनोनयनको अनलाईन फारमको नमूना अनुसूची १ बमोजिम हुनेछ।

३९. कुनै बाधा अड्चन परेमा ने.क.पा (माओवादी केन्द्र) को निर्वाचन आयोगको नियमावली बमोजिम हुने छ। नियमावलीमा स्पष्ट नभएको बिषयमा निर्वाचन सम्बन्धि आधारभूत सिद्धान्त तथा प्रचलित निर्वाचन कानुन बमोजिम हुने छ। यस निर्वाचन निर्देशिका बमोजिम प्रक्रिया अवलम्वन गर्दा यसमा लेखिएका बिषयहरू यसै निर्देशिका बमोजिम र अन्य बिषयमा निर्वाचन समितिको निर्णय अनुसार हुनेछ।

(मुक्ति नारायण प्रधान)
प्रमुख निर्वाचन अधिकृत
केन्द्रीय निर्वाचन समिति
अनेरास्ववियू (क्रान्तिकारी)

# अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)

# All Nepal National Independent Students' Union (Revolutionary)

## उमेद्वारको मनोनयन पत्र

प्रमुख निर्वाचन अधिकृत
निर्वाचन समितिको कार्यालय

म आवेदन दस्तुर रु. ______ अक्षरेपी ______ यसै साथ दाखिला गरी ______ पदको लागि यो मनोनयन पत्र दाखिल गरेको छु।

* पासपोर्ट साइजको फोटो: यहाँ क्लिक गर्नुहोस

* (क) नाम, थर: ______ (ख) मतदाता क्र. सं.: ______

* (ग) संगठित समितिको नाम: ______

* (घ) ठेगाना: ______

(ङ) इमेल: ______ (च) सम्पर्क नं.: ______

* (छ) नागरिकता नं.: ______ * जारी जिल्ला: ______

जन्म मिति (BS): Select BS date * जन्म मिति (AD): Select AD date

* नागरिकताको अगाडिको फोटो: यहाँ क्लिक गर्नुहोस

* नागरिकताको पछाडीको फोटो: यहाँ क्लिक गर्नुहोस

* (ज) समूह: ______

खुल्ला

☐ माथि भरिएको सबै विवरण साँचो छ।

मनोनयन दर्ता गर्नुहोस्

नमूना फाराम